प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३११ ॥ २०८२ पुष २९ गते मंगलबार (13th Jan 2026 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# आपसी विवादले भाक्का दिवसको गरिमामाथि प्रहार



झापा, पुष २८ । राजवंशी समुदायका दुईवटा समूहबीचको निरन्तर विवादको प्रत्यक्ष असर भाक्का दिवसमा परेको छ । जातीय परिकार भाक्कालाई प्रवर्द्धन गर्न विगत ९ वर्षदेखि आदिवासी राजवंशीहरुले राष्ट्रिय भाक्का दिवस मनाउँदै आएकोमा राजवंशी समाज विकास समितिको आधिकारिकताको विवादले भाक्का दिवस प्रभावित भएको हो । विगत चार वर्षदेखि राजवंशी समाज विकास समितिको नाममा दुईवटा समानान्तर समिति क्रियाशील रहेका छन् । आफू-आफूलाई आधिकारिक मान्दै दुवै समूह एक अर्काको विरुद्धमा खरो रुपमा उत्रिदै आएका छन् । मोरङका सुवन्त राजवंशी नेतृत्वको एउटा समूह र झापाका अभय राजवंशी नेतृत्वको अर्को समूहकै कारण राजवंशीहरुबीच एकता र मेलमिलाप घट्नुका साथै विभाजित देखिएका छन् । शुरुवात ताका कोचिला गाभुर फ्रन्टको व्यानरमा भाक्का दिवस मनाउन शुरु गरेका अभय राजवंशीले पछिल्लो केही वर्षदेखि राजवंशी समाज विकास समितिको व्यानरमा पुष २९ गते सो दिवस मनाउँदै आएका छन् । विगतका वर्षहरुभै यस वर्ष पनि उनले बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा नवौ राष्ट्रिय भाक्का दिवस आयोजना गरिरहँदा अर्को समितिले राजवंशी समाज विकास समितिको नाममा कार्यक्रम नगर्न चेतावनी दिएको छ । भर्खरै झापा जिल्ला अदालतले आफूहरुको समितिलाई आधिकारिकता प्रदान गरेकाले राजवंशी समाज विकास समितिको नाममा अनाधिकृत रुपमा कार्यक्रम नगर्न आग्रह गरिएको सुवन्त नेतृत्व समितिका जिल्ला अध्यक्ष उत्तम राजवंशीले बताए । सोमवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी उनले जिल्ला प्रशासन कार्यालयले अनाधिकृत रुपमा भाक्का दिवस नमनाउन अभय राजवंशीको समितिलाई आदेश दिएको बताउँदै कानुन हातमा लिएर कार्यक्रम गर्नु उचित नहुने चेतावनी दिएका छन् । उनले जिल्ला प्रशासन कार्यालय , जिल्ला प्रहरी कार्यालय र बिर्तामोड नगरपालिकाको ३ नं वडा कार्यालयले समेत कार्यक्रम रद्ध गर्न आदेश दिएको जानकारी दिए ।

जिल्ला समिति मोरङका सचिव रुपेश राजवंशीले कोचिला गाभुर फ्रन्टकै व्यानरमा भाक्का दिवस मनाउँदा आफूहरुलाई आपत्ति नहुने बताए । उता अभय राजवंशीले आफूहरुको कार्यक्रमको सम्पूर्ण तयारी भइसकेको जनाउँदै भाक्का दिवस गरेरै छाड्ने प्रतिक्रिया दिएका छन् । राजवंशी समाज विकास समितिको आधिकारितामाथि दावी गर्दै आएका उनले विगतको भन्दा अझ भव्य रुपले कार्यक्रम गर्न लागेको जानकारी दिए । संस्थाको आधिकारिकता विवादसंगै दुईवटा समानान्तर समितिले भाक्का दिवसको गरिमामाथि समेत प्रहार गर्नु समुदायको अस्तित्वको लागि चिन्ताको विषय भएको बिर्तामोडका राम राजवंशी बताउँछन् ।

## पूर्वी तराईमा 'भाक्का' लोकप्रिय

झापा,पुष २८ । पूर्वी तराईको झापा र मोरङका आदिवासी राजवंशी समुदायमा ' भाक्का' खाने चलन धेरै पुरानो हो ।

धानको पीठोबाट बनाइने भाक्का पोषिलो, स्वादिलो र अडिलो हुन्छ । अचेल यो परिकार पूर्वी तराईमा लोकप्रिय बनिसकेको छ ।पुष-माघको चिसो मौसममा राजवंशी महिलाहरु हुरहुरी बाफ उड्ने तातो खाजाका रुपमा भाक्का बनाउने गर्दछन् । यसको स्वादले पहाडबाट बसाइँ सरेर आएका तराईका अरु समुदायलाई समेत आकर्षित गरेको छ । राजवंशीले मात्र होइन, मेचे, धिमाल, ताजपुरिया र थारु महिलाले पनि भाक्का बनाउँछन् ।



झापाको ग्रामीण बस्तीमा सानो माटाको हण्डीमा पानी उमालेर बाफमा बिहान झिसमिसेदेखि नै सडक किनारमा बसेर भाक्का पकाउने र बेच्ने गर्छन् । सहरका गल्लीमा पनि भाक्का पसल बढ्दै गएका छन् । ठूला तारे होटलदेखि साना चिया पसलमा खाजाका रुपमा भाक्काको बजार दिनानुदिन बढ्दै गएको छ ।

"भाक्का राजवंशी समुदायको मौलिक परिकार हो", बिर्ताबजारका राम राजवंशी भन्छन्, "पानीको बाफमा पकाइने र कुनै प्रकारको मिसावट नहुने भएकाले भाक्का खानु स्वास्थ्यका दृष्टिले उत्तम मानिन्छ ।"

भाक्कालाई राष्ट्रिय परिकारको मान्यता दिनुपर्ने राजवंशी अगुवाहरुले माग गर्दै आएका छन् । आज पुष २९ गते नवौ राष्ट्रिय भाक्का दिवसका अवसरमा विभिन्न ठाउँमा भाक्का खाने र रमाइलो गर्ने कार्यक्रम आयोजना गरिएको छ ।

राष्ट्रिय भाक्का दिवसको अवसरमा झापाका तीन पालिकाले आज सार्वजनिक विदा दिएका छन् ।

आदिवासी राजवंशी समुदायको बाहुल्यता रहेको झापा क्षेत्र नम्बर ३ अन्तर्गतका भद्रपुर नगरपालिका, हल्दिबारी गाउँपालिका र कचनकवल गाउँपालिकाले स्थानीय विदा दिएका हुन् ।

राजवंशी समुदायले आफ्नो जातीय परिकार भाक्कालाई प्रवर्द्धन गर्न हरेक वर्ष पुष २ ९ गते दिवसको रुपमा मनाउँदै आएका छन् । आदिवासीहरूको भान्साबाट लोप हुँदै गइरहेको मौलिक खाजाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले जिल्लाका विभिन्न स्थानमा भाक्का दिवस मनाउँदै आइरहेको छ ।

देउवा अझै भएनन् टसमस

# विशेष महाधिवेशन लम्बियो

काठमाडौं । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन मंगलबारसम्म लम्बिने भएको छ । दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माका प्रतिवेदनमाथि छलफल चलिरहँदा निष्कर्षमा पुग्न नसकेपछि बैठक मंगलबारसम्म लम्बिएको हो ।

विशेष महाधिवेशन प्रचार प्रसार



उपसमितिका सदस्य सचिव माधवप्रसाद चम्लागाईंका अनुसार बैठक मंगलबारसम्म लम्बिएको हो । मंगलबार नै नेतृत्व चयनसमेत थालिने उनले बताएका छन् । उनले भने, 'महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पेस गरेका प्रतिवेदनमाथिको छलफल घनिभूत रूपमा चलिरहेको छ । यो क्रम मंगलबार पनि चल्नेछ । त्यसपछिमात्र नेतृत्व चयन प्रक्रिया अगाडि बढ्ने छ ।'

यसैबीच कांग्रेस सभापति शेरबहादुर देउवाले विशेष महाधिवेशनलाई स्वामित्व लिन नमाने पछि सहमति जुटाउन सोमबार दिनभर भएका प्रयास असफल भएका छन् ।

सोमवार साँझ शेखर कोइरालानिकट जिल्ला सभापतिहरुले महाधिवेशन पक्षधर नेताहरुसँगको छलफलमा तयार पारेको मध्यमार्गी प्रस्तावमा छलफल भएको थियो ।नेता कोइरालाले आफ्ना सहयोगी मिनेन्द्र रिजाल, बद्री पाण्डे र जीवन परियारलाई सँगै लिएर उक्त प्रस्ताव बोकेर देउवा निवास गएका थिए । तर देउवाले विशेष महाधिवेशनलाई स्वामित्व दिने कुरा स्वीकार्न नसकिने बटमलाइन लिएपछि सहमति हुन नसकेको एक केन्द्रीय सदस्यले बताए । शेखर निस्किएपछि देउवाले आफू पक्षीय केन्द्रीय सदस्यहरुसँग छलफल गरेका थिए ।

उक्त छलफलपछि नै केन्द्रीय समितिको बैठक मंगलबारका लागि बोलाइएको छ । प्रवक्ता प्रकाशशरण महतले यसअघि केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेका निर्णयबारे जानकारी दिनका लागि बैठक बोलाइएको बताए । उनले विशेष महाधिवेशनलाई स्वामित्व लिएर अघि बढ्ने कुरामा सभापति र नेता शेखर कोइराला दुवैको असहमति रहेको बताए ।

'केन्द्रीय कार्यसम्पादन समितिले दुई दुई पटक औचित्य छैन भनेर निर्णय गरेको विशेष महाधिवेशनलाई नै स्वामित्व लिने कुरा हुनै सक्दैन । यसमा सभापतिज्यू, शेखर कोइराला र हामीहरुको धारणा एउटै छ,'उनले भने,'पार्टी सञ्चालन र अरु नीतिगत सुधारका विषयमा छलफल गर्न सकिन्छ ।'

यसैबीच नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक मंगलबार ११ बजे बोलाइएको छ ।

पार्टीको केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर ललितपुरमा बस्ने बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरु र ७ वटै प्रदेशका सभापतिहरुको उपस्थितिका लागि अनुरोध गरिएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# बैतडी जिप दुर्घटनामा चारजनाको मृत्यु

झापा, पुष २८ । बैतडी जिल्लाको पाटन नगरपालिका-८ जयपृथ्वी राजमार्गअन्तर्गत विजयपुरनजिक झौलेकमा सोमवार बिहान भएको जिप दुर्घटनामा चारजनाको मृत्यु भएको छ ।

तीन जनाको घटनास्थलमै र एक



जनाको उपचारका क्रममा जिल्ला अस्पताल डडेल्धुरामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा सिगास गाउँपालिका-१ का २४ वर्षीय निशान्त बोहरा, सोही ठाउँका २९ वर्षीय भानदेव भट्ट र डडेल्धुराको आलिताल गाउँपालिका-३ का १३ वर्षीय राकेश रावलको घटनास्थलमै र सिगास गाउँपालिका-१ की २७ वर्षीया वसन्ती ऐरको जिल्ला अस्पताल डडेल्धुरामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक सुरज सिंहले जानकारी दिए ।

जिपमा सवार अन्य ६ जना घाइते भएका छन् । घाइतेमध्ये दुईजनाको अवस्था चिन्ताजनक र बाँकी सामान्य रहेको उनले बताए । घाइते हुनेहरुमा सिगास गाउँपालिका-१ की १९ वर्षीया विमला ऐर, सोही ठाउँकी अन्दाजी ४ वर्षीया प्रन्सा ऐर, सोही ठाउँका गाडी चालक २८ वर्षीय गणेश विष्ट र २५ वर्षीय लालमणी बोहरा रहेका छन् । यस्तै पाटन नगरपालिका-८ की २५ वर्षीया कमला विष्ट र डडेल्धुराको आलीताल गाउँपालिका-३ बस्ने ३२ वर्षीय वीरेन्द्र बोहरा घाइते भएका छन् । घाइते सबैको डडेल्धुरा जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

बैतडीको सुर्नया गाउँपालिका-६ मोतीनगरबाट डडेल्धुरातर्फ जाँदै गरेको म१ज २२४ नम्बरको बोलेर जिप दुर्घटना भएको हो । जिप अनियन्त्रित भएर सडकबाट करिब ३ सय मिटर तल खसेको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

# काठमाण्डौका ३७ 'कागजी विद्यालय' बन्द गरिँदै

काठमाडौं । काठमाडौं महानगरपालिकाले स्थलगत रूपमा सञ्चालन नभएका विद्यालयलाई १५ दिनभित्र सम्पर्कमा आउन दिएको ' अल्टिमेटम'मा ३७ वटा विद्यालय सम्पर्कमा आएका छन्।

महानगरमा दर्ता भए पनि बन्द भएका अर्थात् स्थलगत रूपमा सञ्चालनमा नभएका यी विद्यालय समय सीमाभित्र सम्पर्कमा आएको महानगरपालिका शिक्षा विभागले जनाएको छ।

महानगरपालिकाको शिक्षा विभागले अध्ययन गरी अनुमति पाई पहिला सञ्चालनमा भएका तर हाल स्थलगत रूपमा सञ्चालन नभएका १०७ विद्यालयको सूची नै पुष ८ गते सार्वजनिक गरेको थियो।

महानगरपालिकाले यी विद्यालयको नाम सार्वजनिक गर्दै सूचना जारी भएको मितिदेखि १५ दिनभित्रमा सम्पर्क आउन र नआए स्थलगत रूपमा सञ्चालन नभएका विद्यालय बन्द गर्ने चेतावनी दिएको थियो।

महानगरले दिएको उक्त समयसीमा सकिसकेको छ। यी १५ दिनको समयसीमामा ३७ विद्यालयको आवेदन परेको महानगरपालिका शिक्षा विभागका निमित्त विभागीय प्रमुख केशव ज्ञवालीले जानकारी दिए।

उनले थाहाखबरसँग भने,'महानगरले दर्ता भए पनि बन्द भएका अर्थात् स्थलगत रूपमा सञ्चालनमा नभएका विद्यालयहरुको अध्ययन गरि १५ दिनभित्रमा सम्पर्कमा आउनू भनेर सूचना जारी गरेको थियो,यो समयमा ३७ वटा विद्यालय सम्पर्कमा आएका छन्।'

महानगरपालिकाभित्र स्कुल दर्ता भएका तर सञ्चालन नभएका विद्यालयहरू पाइएपछि महानगरपालिकाले गत साउन २८ गते बसेको काठमाडौं महानगरपालिकाको नगर शिक्षा समितिको बैठकले कागजमा मात्र रहेको तर फिल्डमा सञ्चालनमा नआएका तथा नभएका संस्थागत विद्यालयहरूको अनुमति खारेज गर्ने प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो।

महानगरपालिकाका प्रमुख बालेन साहको अध्यक्षतामा बसेको बैठकमा




उपप्रमुख सुनिता डङ्गोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, शिक्षा तथा स्वास्थ्य समिति संयोजक चिनीकाजी महर्जन, कार्यपालिका सदस्यहरू, शिक्षाविद्, विद्यालय प्रतिनिधि, अभिभावक संघ र संस्थागत विद्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो।

त्यसबेला नै शिक्षा विभागबाट स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्न भनिएको थियो। ती विद्यालय स्थलगत रूपमा सञ्चालनमा नरहेको र नदेखिएको प्रतिवेदन प्राप्त भएको हो।

अब सम्पर्कमा आएका विद्यालयको हकमा महानगरले सञ्चालन अनुमति दिन्छ वा के गर्छ ? भन्ने प्रश्नमा महानगरपालिका शिक्षा विभागका निमित्त विभागीय प्रमुख ज्ञवालीले भने,'अब जे जति महानगरको सम्पर्कमा आएर आवेदनमा आएका छन्,यी आवेदन अब बस्ने शिक्षा तथा स्वास्थ्य समितिको बैठकमा लैजान्छौँ,त्यही बैठकले जे निर्णय गर्छ,त्यहीअनुसार निर्णय हुन्छ।'

महानगरपालिका शिक्षा विभागका निमित्त विभागीय प्रमुख ज्ञावालीले समयसीमाभित्र पनि सम्पर्कमा नआएका बाँकी विद्यालय अब बन्द गर्ने प्रकृया अघि बढाउने जानकारी दिए।

उनका अनुसार सम्पर्कमा नआएका विद्यालय हकमा नगर शिक्षा समितिको २०८२/०४/२८ गतेको निर्णय बमोजिम विगतमा अनुमति पाई सञ्चालन भएका तर हाल स्थलगत रूपमा सञ्चालनमा नरहेका ती विद्यालयको अनुमति खारेजीका लागि शिक्षा विभागले स्थलगत रूपमा अनुगमन, रूजु, एकिन गरी अनुमति खारेजीका सम्बन्धमा आवश्यक निर्णय गर्न कार्यपालिकामा पेश हुने छ।

❖ बाँकी पृष्ठ ४ मा

## पाडाजुँगीमा गुडिरहेको ट्रकमा अचानक आगो लाग्यो

झापा, पुष २८ । झापाको कमल गाउँपालिका- ५सशस्त्र बेस क्याम्पस्थित पूर्वपश्चिम लोकमार्गमा गुडिरहेको ट्रकमा अचानक आगो लागेको छ । आइतवार साँझ ६.२० बजे बिरगन्जबाट बिर्तामोडतर्फ आउँदै गरेको ना.८ख.३५५४नम्बरको फर्निचरको सामान १८वटा



टिनको दराज बोकेको ट्रकमा अचानक आगलागी भएको हो । ट्रकको बिच भागबाट अचानक आगो सल्किएको थियो । ट्रकमा धेरै क्षति नभएपनि ट्रकभित्र राखेको १८वटा दराजको कलर जलेर नष्ट भएको छ । इलाका प्रहरी कार्यालय दमकको ४जनाको टोली ,सशस्त्र बेश क्याम्प पाडाजुँगीबाट २०जनाको टोली र कमल गाउँपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा आएको थियो ।

# प्रशान्तलाई अन्तिम श्रद्धाञ्जली दिन उर्लियो जनलहर

झापा । गायक तथा अभिनेता प्रशान्त तामाङको पार्थिव शरीर सोमबार जन्मस्थल दार्जिलिङ लगिएपछि उनलाई अन्तिम श्रद्धान्जलीका लागि राजनीतिकर्मीदेखि शुभेच्छुकहरूको भीड लाग्यो । उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि दार्जिलिङको सूचना तथा संस्कृति विभागमा राखिएको थियो । वागडोग्रा विमानस्थलमा प्रशान्त तामाङको पार्थिव शरीर आइपुगेपछि सुरु भएको अन्त्येष्टि यात्रामा सहभागी हुन दार्जिलिङका लोकसभा सांसद राजु विष्ट लगायतका नेता तथा संगीतकर्मी दार्जिलिङ पुगेका थिए । तामाङलाई 'गोर्खा युवाको प्रतीक'का रूपमा स्मरण गर्दै सांसद विष्टले उनको सुमधुर स्वर, नम्रता र सरलताले विश्वभरका श्रोताको मन जितेको बताए । दार्जिलिङका पहाडबाट उदाएर प्रशान्तले गोर्खा समुदायका आशा र आकांक्षालाई विश्व मञ्चसम्म पुऱ्याएको र यस क्षेत्रका लागि अपार गौरवको विषय बनेको उनको भनाइ थियो । यसैबीच, पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले सामाजिक सञ्जाल एक्समार्फत दिवंगत गायक तामाङप्रति श्रद्धाञ्जली व्यक्त गरेकी छन् । उनले लेखेकी छन्, 'इन्डियन आइडलबाट चर्चित, राष्ट्रिय ख्यातिप्राप्त कलाकार प्रशान्त तामाङको अचानक र असामयिक निधनले दुःखी बनाएको छ । दार्जिलिङ पहाडसँग उनको गहिरो नाता र एक समय कोलकाता प्रहरीसँगको सम्बन्धका कारण उनी बंगालभर हामी सबैका प्रिय थिए । उनका परिवार, साथीभाइ र असंख्य प्रशंसकप्रति म हार्दिक समवेदना व्यक्त गर्दछु ।'


यता नेपाली गायक तथा अभिनेता प्रशान्त तामाङको ४३ वर्षको उमेरमा भएको असामयिक निधनप्रति चलचित्र विकास बोर्डले शोक व्यक्त गरेको छ । बोर्डले सोमबार जारी गरेको शोक विज्ञप्तिमा तामाङको निधनले सम्पूर्ण नेपाली कला, संगीत तथा चलचित्र क्षेत्र स्तब्ध र मर्माहत भएको उल्लेख छ । अध्यक्ष दिनेश डिसीद्वारा जारी विज्ञप्तिमा साधारण पृष्ठभूमिबाट संघर्ष गर्दै अन्तर्राष्ट्रिय मञ्चसम्म नेपाली पहिचान स्थापित गर्न सफल तामाङ नेपाली भाषी समुदायका लागि प्रेरणाको प्रतीक रहेको उल्लेख छ । 'गोर्खा पल्टन', 'आँगालो यो मायाको', 'किन मायामा', 'निशानी', 'परदेशी', 'परदेशी-२' लगायतका चलचित्रमार्फत अभिनय तथा प्लेब्याक गायनमा प्रशान्तको महत्वपूर्ण योगदान छ । प्रशान्त भारतीय आइडल सिजन ३ का विजेता समेत हुन् ।'नेपाली भाषा प्रवर्द्धन, नेपाली संस्कृतिको प्रसार तथा नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने अभियानमा प्रशान्त तामाङको योगदान अतुलनीय र अविस्मरणीय रहनेछ,' विज्ञप्तिमा उल्लेख छ, 'उहाँको स्वर, अभिनय र संघर्षपूर्ण जीवनकथा भावी पुस्ताका कलाकारहरूका लागि सधैं प्रेरणाको स्रोत बनिरहनेछ ।' दार्जिलिङमा जन्मेका तामाङ पछिल्लो समय दिल्लीमा बस्दै आएका थिए । आइतबार बिहान उनको हृदयघातका कारण निधन भएको थियो ।

# 'नसर्ने रोगको उपचारमा अर्बौं खर्च'

झापा । स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा गौतमले नेपालको कुल स्वास्थ्य खर्चको सबैभन्दा ठूलो हिस्सा नसर्ने रोगको उपचार र यससँग सम्बन्धित समस्यामा खर्च भइरहेको बताएकी छिन्। एनसिडी एलायन्स नेपालद्वारा आयोजित कार्यक्रममा बोल्दै मन्त्री गौतमले अधिकांश नसर्ने रोगहरू रोकथाम गर्न सकिने भए पनि उपचारमा मात्र केन्द्रित हुँदा राज्यमाथि ठूलो आर्थिक भार थपिएको बताएकी हुन्।

मन्त्री गौतमले स्वास्थ्य बीमा कार्यक्रममा देखिएको वित्तीय खाडलका बारेमा समेत टिप्पणी गरिन्। सरकारले बीमाका लागि १० अर्ब र थप १ अर्ब गरी जम्मा ११ अर्ब रुपैयाँ बजेट छुट्याएकोमा हालसम्मको खर्च २४ अर्ब रुपैयाँ पुगिसकेको उनले जानकारी दिइन्।

स्थानीय सरकारले निःशुल्क उपलब्ध गराउनुपर्ने आधारभूत स्वास्थ्य



सेवाका लागि समेत बीमाको रकम खर्च भइरहेको र जनताले निःशुल्क पाउनुपर्ने औषधिमा प्रिमियम तिरिरहेको अवस्थाले गर्दा सरकारमाथि दोहोरो आर्थिक भार परेको उनको तर्क छ। अर्थ मन्त्रालयले यति ठूलो मात्रामा भुक्तानी गर्न नसक्ने स्थितिमा रहेकाले यसको पुनरावलोकन आवश्यक रहेको उनले उल्लेख गरिन्।

शहरी स्वास्थ्य सेवाका चुनौतीहरू औंल्याउँदै मन्त्री गौतमले ग्रामीण क्षेत्रमा स्वास्थ्य पूर्वाधारहरू विस्तार भएपनि शहरी क्षेत्रका विपन्न वर्गका लागि आधारभूत स्वास्थ्य सेवा अझै पहुँचभन्दा बाहिर रहेको बताइन्। स्वास्थ्यकर्मीको वितरणमा देखिएको असमानता हटाउन मन्त्रालयले तथ्याङ्कका आधारमा न्यायोचित सरुवा र पदस्थापन गर्ने तयारी गरिरहेको समेत उनले स्पष्ट पारिन्।

मन्त्री गौतमले नेपालमा धुम्रपान नियन्त्रण र नसर्ने रोग व्यवस्थापनका लागि उत्कृष्ट नीति र कानुनहरू भएपनि कार्यान्वयन पक्षमा ध्यान दिनुपर्नेमा जोड दिइन्। जनशक्ति सुगम क्षेत्रमा मात्र केन्द्रित हुने प्रवृतिले सेवा प्रवाहमा समस्या आएको बताउँदै उनले अब इक्विटी (न्याय) का आधारमा स्वास्थ्यकर्मीहरूको परिचालन गरिने प्रतिवद्धता व्यक्त गरिन्। कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरूलाई समेत सहभागी गराई सेवा प्रवाहमा हुने खर्च घटाउने र प्रभावकारिता बढाउने विषयमा छलफल गरिएको थियो।

# नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना

काठमाडौं । नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना घटेको पाइएको छ ।

प्रेस काउन्सिल नेपालले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त संख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो ।

सबैभन्दा बढी धम्की दुर्व्यवहारका ५० घटना अभिलेख भएका छन् । यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा-अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन् ।

प्रदेश अनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६-६ र कर्णालीमा पाँच घटना घटेका छन् ।

लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार र सञ्चार माध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १० वटा घटना घटेका छन् । यसमा बागमती प्रदेशमा पाँच, मधेस प्रदेशमा चार र कर्णालीमा एक घटना घटेको विज्ञप्तिमा उल्लेख छ । रासस

## कालिका सिमसार बन्यो लागूऔषधको अखडा

# फेरि ९ जना लागूऔषध प्रयोगकर्ता पक्राउ

झापा, पुष २८ । करिव सात महिनाअघि ४३ जना लागूऔषध प्रयोगकर्ता र कारोबारी पक्राउ परेको मेचीनगरको कालिका सिमसारबाट प्रहरीले फेरि ९जनालाई नियन्त्रणमा लिएको छ ।

आइतवार साँझ ७ बजेतिर मेचीनगर -११ स्थित कालिका सिमसारमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बुधबारेबाट प्रहरी नायव निरीक्षक चन्द्रकुमार राउतको कमाण्डमा ७जना र सशस्त्र प्रहरी बेस क्याम्प टिमाईबाट सशस्त्र प्रहरी नायव निरीक्षक केदार श्रेष्ठको कमाण्डमा ७ जनाको संयुक्त टोली खटिएको थियो । सो टोलीले मेचीनगर -७ बस्ने बर्ष २६का बिमल मेचे र मेचीनगर ११बस्ने बर्ष २३का प्रबिन राईलाई शंका लागेर चेकजाँच गर्दा मेचेको साथबाट प्लाष्टिकसहित ४ग्राम८१०मिलिग्राम र प्लाष्टिकबाहेक४ग्राम४५०मिलिग्राम ब्राउनसुगर , ३० हजार नगद र राईको साथबाट ७ हजार ५०० रुपैयाँ फेला परेको थियो ।



उनीहरुसंगै रहेका अन्य ७ जनालाई समेत प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मेचीनगर ८बस्ने बर्ष२० का कविस मेचे ,वडानं.११बस्ने बर्ष२८का बासु राजवंशी , वडा न. ११बस्ने बर्ष३४का सुरेस खड्का ,बुद्धशान्ति वडा नं.४बर्ने बस्ने बर्ष ३५का कुमार गुरुङ ,बुद्धशान्ति वडा नं.३बस्ने बर्ष२५का सन्दिप रसाईली , मेचीनगर १० टिकापुर बस्ने बर्ष३०का घनश्याम माझी र बुद्धशान्ति वडा नं.४बस्ने बर्ष ३८का राजेन्द्रकुमार थापा रहेका छन् ।

उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको छ । यसअघि गत जेठ १३ गते कालिका सिमसारमा लागूऔषध खरिद बिक्री गर्दैगर्दा ४३ जना पक्राउ परेका थिए ।


## शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्याङडाँडा ,झापा

## जनहितमा जारी सूचना

**चिसो मौसममा सुरक्षित रहौं :**

१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिंडडुल (मर्निङवाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**



## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क
९८५२६४०४०५
9852640405



## झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

## शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकत


# एन्फाको निर्वाचन रोक्न अल्पकालीन अन्तरिम आदेश

झापा । उच्च अदालत पाटनले अखिल नेपाल फुटबल संघ एन्फाको निर्वाचन प्रक्रिया रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । उच्च अदालत पाटनका न्यायाधीश कृपासुर कार्कीको एक इजलासले अर्को छलफल भएर आदेश नआउँदासम्मका लागि आगामी माघ २८ गते हुने भनिएको एन्फाको निर्वाचनका कुनै पनि गतिविधि अगाडि नबढाउन आदेश गरेको हो । उच्चले अन्तरिम आदेशका बारेमा छलफल गर्न दुवै पक्षलाई बोलाउने आदेश पनि गरेको छ । उच्चले अन्तरिम आदेश छलफलका लागि माघ ६ गते पेसी तोकेको छ । निर्वाचनका लागि एन्फाले निर्वाचन तालिकासमेत सार्वजनिक गरिसकेको थियो ।



'...मिति २०८२।१०।६ गतेको अन्तरिम आदेश छलफलको लागि पेसी तोकी सोको सूचना निवेदक र विपक्षीहरूलाई दिई सो अवधिसम्मको लागि मिति २०८२।९।२१ मा प्रकाशित सूचना बमोजिमको उम्मेदवारी दर्ता फारम बुझ्नेलगायत निर्वाचनसम्बन्धीको अन्य कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा लेखिएको छ ।


## डाक्टर आउने बारे सूचना

**आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।**

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग विशेषज्ञ
NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड


**काठमाण्डौका...**

महानगरले पहिला जारी गरेको सूचनामै पनि भनिएको छ, 'वेबसाइटमा प्रकाशित सूची बमोजिमका विद्यालय स्थलगत रूपमा सञ्चालनमा रहेको भए सम्बन्धित विद्यालयका प्रधानाध्यापकरसञ्चालकरव्यवस्थापक र गुठियारलेयोसूचनाप्रकाशनभएकोमितिले १५ दिनभित्र काठमाडौँ महानगरपालिका शिक्षा विभाग, कमलादीमा सम्पर्क गरी सोको पुष्टि गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ, अन्यथा काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ दफा १३ (ट) बमोजिम विद्यालय बन्दका लागि कार्यपालिकामा सिफारिस गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।'

यही अनुसार विद्यालय सञ्चालन अनुमति खारेजीको लागि अब बस्ने शिक्षा समिति र कार्यपालिका बैठकमा पेस गरिने उनको भनाइ छ। 'सम्पर्कमै नआएपछि अब ती विद्यालय बन्द गर्नुबाहेक अरु विकल्प नै छैन,महानगरले सञ्चालन अनुमति खारेज गरेर बन्द गर्छ,'उनले भने।

काठमाडौं महानगरपालिकाले सार्वजनिक गरेको सूचीअनुसार हाल बालाजुको गोल्डेन हरिजोन एकेडेमी, भागवत संन्यास आश्रम, इन्द्रेणी इबिएस, लिटल किङडम इबिएस, सकल्या इबिएस, बालुवाटार इबिएस सञ्चालनमा छैनन्।

त्यस्तै, बुद्ध पशुपति इबिएस, क्रियटिभ मोडेल एकेडेमी, मनकामना एबिएस, किड्स इन्टरनेशनल एकेडेमी, सेन्टपल इबिएस, प्यासिफिक एकेडेमी लगायत १०७ वटा विद्यालय हाल भौतिक रूपमा सञ्चालनमा छैनन्।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री कृष्ण ढकालको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री पुष्पा तिवारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | २ | ७०९९, २२२३ | ४४०१८ | २०८२/ ०९ /११ | २०८२/ ०९ /११ | २०८२/ ०९ /२८ |



## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश, मोरङ जिल्ला, ग्रामथान गाउँपालिका वार्ड नं.-२ मा बस्ने श्री बिसन दाहालकी नातिनी, श्री पदम बहादुर दाहालकी छोरी, श्री गंगा देबी उप्रेतीको मिति वि.सं.२०८२/०६/३० गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय झोराहाटमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा केशब बहादुर उप्रेतीले मिति वि.सं.२०८२/०८/२५ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्रहक दावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.



## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश ,झापा जिल्ला,अर्जुनधारा नगरपालिका वार्ड नं.-१०मा बस्ने श्री बिर्ख बहादुर भुसालकी नातिनी श्री मानबहादुर भुसालकी छोरी श्री पर्मिला भुसालको मिति वि.सं.२०८२/०७/१०गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चारआलीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका बुबा मानबहादुर भुसालले मिति वि.सं.२०८२/०९/२३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# देउवाको लागि मौका

**कांग्रेस सभापति शेरबहादुर देउवाले विशेष महाधिवेशनलाई स्वामित्व लिन नमाने पछि सहमति जुटाउन सोमबार दिनभर भएका प्रयास असफल भएका छन् ।**

**सोमवार साँझ शेखर कोइरालानिकट जिल्ला सभापतिहरुले महाधिवेशन पक्षधर नेताहरुसँगको छलफलमा तयार पारेको मध्यमार्गी प्रस्तावमा छलफल भएको थियो ।नेता कोइरालाले आफ्ना सहयोगी मिनेन्द्र रिजाल, बद्री पाण्डे र जीवन परियारलाई सँगै लिएर उक्त प्रस्ताव बोकेर देउवा निवास गएका थिए । तर देउवाले विशेष महाधिवेशनलाई स्वामित्व दिने कुरा स्वीकार्न नसकिने बटमलाइन लिएपछि सहमति हुन नसकेको एक केन्द्रीय सदस्यले बताए । उक्त छलफलपछि नै केन्द्रीय समितिको बैठक मंगलबारका लागि बोलाइएको छ ।**

**नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन बहुमत प्रतिनिधिको उपस्थितिमा आइतवार काठमाडौंमा सुरु भएको छ । कांग्रेसका सभापति शेरबहादुर देउवालाई इतिहासले आफ्नो ऐतिहासिक छवि जोगाउने सम्भवतः अन्तिम मौका दिएको छ । बहुमत महाधिवेशन प्रतिनिधिसमक्ष गएर उनले नेतृत्व हस्तान्तरण गरे अझै पनि उनको बहिर्गमन सम्मानजनक नै हुनेछ । त्यस स्थितिमा छिटै बिर्सने स्वभावको नेपाली समाजले उनका अवगुणहरू बिर्सेर गुणमात्र सम्झनेछ ।**

**जेन–जी आन्दोलनपछि उनले आफ्ना विश्वासपात्र उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिँदा दिएको मन्तव्य सुनेपछि नेपाली समाजमा देउवाप्रति सद्भाव जागेको थियो । उनले त्यसपछि पार्टीमा हैकम चलाउने मोह नदेखाएका भए सम्भवतः विशेष महाधिवेशन गर्नुपर्ने अवस्था पनि आउने थिएन ।**

**केन्द्रीय समितिले पहिले निर्णय गरेअनुसार नियमित महाधिवेशन हुन दिएको भए पनि अहिलेको विषम अवस्थाको सामना सभापति देउवाले गर्नुपर्ने थिएन । उनी नेपाली कांग्रेसका संरक्षक नेताका रूपमा रहिरहने थिए । विडम्बना, अर्कोपटक सभापति हुन नपाइने वैधानिक व्यवस्था हुँदाहुँदै पनि उनलाई पदको मोहले छाडेन ।देउवाका वरपर कहिल्यै कतैको पनि चुनाव जित्न नसक्नेहरूको घेरा छ । उनीहरूको राजनीतिक अस्तित्व नै देउवाको शक्तिमा निर्भर देखिन्छ । कार्यवाहक दिएर पन्छेका देउवालाई पुनः सक्रिय राजनीतिकमा तान्ने काम त्यही ऐजेरु गिरोहको स्वार्थमा भएको हुनसक्छ । तर, इतिहासले त तिनलाई चिन्दैन र दोष पनि देउवालाई नै दिन्छ ।**

**विशेष महाधिवेशनलाई रकमी तर्क दिएर मान्यता नदिने सल्लाह अहिले त्यही ऐजेरु गिरोहले दिइरहेको हुनसक्छ । त्यसो गर्न खोजियो भने त्यो अर्को आत्मघाती भुल हुनेछ । कसैले माने पनि नमाने पनि नेपाली कांग्रेस त भृकुटीमण्डपमा देखिइसक्यो । अरूले पार्टीको आधिकारिकता दाबी गर्नु फट्याइँ हुन्छ ।**

**भृकुटीमण्डपमा विशेष महाधिवेशनका लागि जम्मा भएका महाधिवेशन प्रतिनिधिहरूलाई देउवाले प्रतिस्पर्धी वा विरोधी ठान्नु पनि आवश्यक छैन । यस्तै आफ्नै साथीहरूका बीचमा जान र उनीहरूले तीतामीठा केही सुनाए भने सुन्न पनि हिचहिचाउनु पर्दैन । सम्भवतः नेतृत्व हस्तान्तरको अभिप्राय बोकेर देउवा विशेष महाधिवेशन स्थल पुगे भने त्यहाँ उनको स्वागत नै हुनेछ ।**

**यस्तो यस्तो अवस्थामा भृकुटीमण्डप पुगेर नेतृत्व हस्तान्तरण गर्नु देउवाको पराजय नभएर नेपालको लोकतान्त्रिक आन्दोलनमा गरेको ऐतिहासिक योगदानको अर्को अध्याय बन्नसक्छ । यसले पार्टीभित्र त सकारात्मक सन्देश दिनेछ नै राष्ट्रिय राजनीतिमा पनि दूरगामी प्रभाव पार्नेछ ।**




# संसद्को गरिमा र भूमिका



• संजीव कार्की

संसद् लोकतन्त्रको मुटु हो । जहाँ जनताको आवाज कानुन बन्छ, जसले राज्यको दिशा निर्देश गर्छ । संसद् आफैँ केही होइन । त्यहाँ जनताबाट निर्वाचित भएर पुग्ने व्यक्तिको समुच्चय संसद् हो । त्यहाँ कस्ता व्यक्ति पुग्छन् ? किन पुग्नु पर्छ ? प्रश्न गम्भीर छ ? संसद्मा को जानु पर्छ ? राजनीतिज्ञ मात्र ? कि विज्ञ, वैज्ञानिक, सामाजिक अभियन्ता, श्रमिक, शिक्षक, किसान, मजदुर, लेखक वा समाजका विविध अनुहार ? संसद्मा देशको मुहार झल्किनु पर्छ । सबै क्षेत्र, भूगोल, जातजाति, दलित, अल्पसङ्ख्यक समुदाय, महिला, मुस्लिम, मधेशी आदिको सुनिश्चित प्रतिनिधित्व अपरिहार्य छ । यति हुँदा हुँदै ख्याल राख्नुपर्ने विषय हो संसद् राजनीतिक नारा लाउने भिड जम्मा गर्ने थलो होइन । यसका संवेदनशीलता र सीमा छन् । यो राष्ट्रको नीति निर्माणको प्रमुख थलो हो ।

राष्ट्रलाई कार्यकारी अधिकार दिने प्रधानमन्त्री र राष्ट्रको प्रमुख छान्ने स्थान पनि हो । यसका अलवा विश्वको जलवायु सङ्कट, महामारी, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, कूटनीति, अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खला, मानव अधिकार, प्रविधि र डाटा शासन, वैश्विक असमानताबारे व्यापक विमर्श गरेर त्यसको अध्ययन अनुसन्धानमा दक्षता राख्ने मानिसहरूको समूह पनि हो ।

संसद्मा को जान्छ भन्ने प्रश्न केवल नितान्त सैद्धान्तिक मात्र होइन, लोकतन्त्रको भविष्यसँग जोडिएको बहस हो । संसद् भनेको केवल कानुन पारित गर्ने औपचारिक हल मात्र होइन; यो राज्यको विवेक, जनताको सामूहिक चेतना र भविष्यको मार्गदर्शक थलो हो । संसद्मा को जान्छ भन्ने प्रश्न केवल निर्वाचन जित्ने गणितसँग सम्बन्धित छैन, यो राष्ट्र कता जाँदै छ भन्ने प्रश्नसँग गाँसिएको छ । दुर्भाग्यवश, हाम्रो राजनीतिक अभ्यासमा संसद्लाई 'जसरी पनि जिते पुग्ने' गन्तव्य मानिएको छ ।

यही फागुन २१ मा हुने सङ्घीय संसद्को चुनावका लागि विभिन्न पार्टी व्यक्तिहरूले आआफ्नो उम्मेदवारी दाबी गरेका छन् । लोकतन्त्रमा चुनावमा भाग लिने इच्छा हुनु र रहर गर्नु लोकतन्त्र बलियो हुने विषय हो । यद्यपि स्वयं उम्मेदवारी घोषणा गरेकाहरूले म संसद्का लागि केमा योग्य छु ?" संसद् र सांसदको भूमिका विषय र क्षेत्रबारे भने कतै कहिल्यै आत्मसमीक्षा गरेको पाइन्न । सांसद बन्न रहर गर्नेहरूले संसदीय अभ्यास र मर्यादा बारेको आधारभूत ज्ञान नराख्नु सांसदको गरिमालाई अन्डरस्टिमेट गरेको विषय हो । पार्टीहरूले पनि आफ्ना उम्मेदवारलाई यस्ता विषयमा सूसुचित गराउन सकिरहेका छैनन् । व्यक्तिको योग्यता परीक्षण गर्ने माध्यम चुनाव भए पनि उम्मेदवार हुनुअघि आफ्नो क्षमता, योग्यता, विषेशज्ञता, संसद्मा आफ्नो उपस्थिति केका लागि र कुन प्रयोजनका लागि आदिबारे उम्मेदवार हुन चाहने स्वयंले पनि आत्ममूल्याङ्कन गर्नु जरुरी छ ।

नेपालमा 'संसद् जानु' सेवा र जिम्मेवारीको भूमिकाभन्दा बढी शक्ति, पहुँच र विशेषाधिकारको प्रतीक बनाइएको छ । यो गम्भीर भूल हो । संसद् लोकतन्त्रको भविष्यसँग प्रत्यक्ष जोडिएको वैश्विक विषयको प्रश्न बनिसकेको छ । दुर्भाग्यवश, हाम्रो राजनीतिक अभ्यासमा संसद्लाई 'जसरी पनि जिते पुग्ने' गन्तव्यका रूपमा बुझिएको छ । विचार, योग्यता र दृष्टिकोणभन्दा पार्टीको टिकट र चुनावी रणनीतिले सांसद तय गर्ने प्रवृत्तिले संसद्को गरिमा र भूमिकालाई गम्भीर रूपमा क्षति पुर्‍याएको छ ।

**सांसद 'विकासे कार्यकर्ता' हुन् ?**

सार्वजनिक बहसमा सांसदको भूमिकालाई जानाजानी सङ्कुचित गरिँदै छ । 'हामी विकास गर्ने सांसद दिन्छौँ' भन्ने नारा र भाष्यले सांसदलाई योजना बाँड्ने एजेन्ट, बजेटको दलाल र ठेक्कापट्टाको प्रतिनिधि झैँ चित्रित गरिदिएको छ । यसले सांसदको गरिमा मात्र होइन, संसद् जस्तो लोकतान्त्रिक संस्थाको आत्मालाई नै कमजोर बनाएको छ । सांसद विकासे कार्यकर्ता होइनन् । विकास योजनाको कार्यान्वयनका लागि स्थानीय सरकार, कार्यपालिका र प्रशासनिक संयन्त्रको व्यवस्था गरिएको हुन्छ । सांसदको काम विकास गर्नु होइन, विकासको नीति, मापदण्ड र न्यायपूर्ण दिशा तय गर्नु हो । सांसदलाई विकासे कार्यकर्तामा झार्नु भनेको नीति निर्माणको सर्वोच्च थलो संसद्लाई नै अर्थहीन बनाउनु हो ।

सांसद भनेका को हुन् ?

सांसद जनताले आफ्नो सार्वभौम अधिकार सुम्पिएका राजनीतिक प्रतिनिधि हुन् । जनताको भावना संसद्मा प्रतिनिधित्व गराउने संवाहक हो । संसद् कानुन बनाउने व्यक्ति, कार्यपालिकामाथि निगरानी गर्ने प्रतिनिधि, जनताको आवाज राज्यसम्म पुर्‍याउने माध्यम, संविधान र लोकतन्त्रको रक्षक हो । सांसद वडा अध्यक्ष, स्थानीय सरकारको प्रमुख, ठेकेदार वा विकासे कार्यकर्ता होइन । दुर्भाग्यवश, हाम्रो राजनीतिक व्यवहारले सांसदलाई यिनै भूमिकामा सीमित गर्दै लगेको छ, जसले संसद् र स्थानीय सरकारबिच अनावश्यक द्वन्द्व, कमजोर नीति र भ्रष्टाचारलाई संस्थागत बनाइरहेको छ । जसलाई तोड्नु अबको संसद्को मुख्य कार्यभार हो ।

**सांसद कस्ता मान्छे हुनु पर्छ ?**

सांसद हुनका लागि पहिलो सर्त नैतिकता र बौद्धिक इमानदारी साथै संविधान, सङ्घीयता, अधिकार र दायित्वबारे स्पष्ट चेतना, कानुन बुझ्ने वा बुझ्न चाहने इच्छा, विधेयक पढ्ने, छलफल गर्ने र संशोधन प्रस्ताव गर्न सक्ने क्षमता, जनताप्रति निरन्तर उत्तरदायित्व निर्वाह गर्ने ल्याकत राख्ने, निजी लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिने दृष्टिकोण, पाँचबर्से बजेटभन्दा पुस्तागत न्याय र दीर्घकालीन सोच राख्ने हुनु पर्छ ।

**संसद्ले नीति बुझ्ने कि नारा मात्र दिने ?** विधि बनाउने कि भिडको ताली खोज्ने ? दीर्घकालीन सोच बोकेका कि पाँचबर्से लाभ हेर्ने ? किन जाने ? सत्ता उपभोग गर्न कि सार्वजनिक जिम्मेवारी वहन गर्न ? व्यक्तिगत उचाइ बढाउन कि संस्थागत गरिमा बचाउन ?

यी प्रश्नमा व्यापक, इमानदार र सार्वजनिक विमर्शबिना, लोकतन्त्रको मर्म संसद्भित्र होइन, भाषण र प्रचारमै सीमित रहिरहन्छ । अब बहस उम्मेदवारी कसले जित्छ भन्नेमा होइन, कसले देशका लागि सही निर्णय गर्न सक्छ भन्नेमा केन्द्रित हुनु पर्छ । सांसद लोकप्रिय नाराले होइन, नीतिगत स्पष्टता र दूरदृष्टिले चिनिनु पर्छ । सांसदको मुख्य काम र कर्तव्य र अधिकार छन् ।

**संविधानले सांसदलाई स्पष्ट जिम्मेवारी दिएको छ**

कानुन निर्माण- देशलाई आवश्यक ऐन, संशोधन र नीति निर्माण गर्नु । बजेट कहाँ हाल्ने होइन, कुन नीति देशका लागि न्यायपूर्ण र टिकाउ हुन्छ भन्ने निर्णय गर्नु ।

कार्यपालिकामाथि निगरानी - सरकारका खर्च, निर्णय, नियुक्ति र नीतिमाथि निगरानी गर्नु । प्रश्न सोध्नु, छलफल गर्नु र गलत निर्णयमा रोक लगाउनु ।

जनआवाजको प्रतिनिधित्व - सडक, विद्यालय र अस्पतालका समस्या उठाउनु तर योजना बाँड्न होइन, नीति सुधारका लागि ।

संविधान र लोकतन्त्रको रक्षा- सत्ताको दुरुपयोग, अधिकार हनन र अधिनायकवादी प्रवृत्तिविरुद्ध उभिनु । आदि

सांसदसँग अधिकार हुन्छ । संसद्मा बोल्ने, प्रश्न गर्ने, संशोधन प्रस्ताव गर्ने, सूचना माग्ने र नीति तथा बजेटमाथि अन्तिम निर्णयमा सहभागी हुने तर यो अधिकार ठेक्का दिलाउन, बजेट घुमाउन वा निजी स्वार्थ पूरा गर्नका लागि होइन ।

सांसद आफैँ योजना बोक्दै हिँड्न थाले भने नीति कमजोर हुन्छ, संसद् अर्थहीन हुन्छ र स्थानीय सरकार निष्क्रिय बन्छ । "कसले कति बजेट ल्यायो ?" भन्ने आधारमा सांसदको मूल्याङ्कन गर्नु लोकतन्त्रका लागि आत्मघाती सोच हो ।

**सांसदलाई किन कमजोर बनाइयो ?**

विगतका सांसदहरूले आफूलाई नीतिनिर्माता होइन, बजेट ल्याउने एजेन्ट ठान्न थालेपछि संसद् कमजोर भयो । अझ खतरनाक कुरा जनताले पनि यही अपेक्षा गर्न थाले । संसद् विचारको थलो होइन, सुविधा वितरणको केन्द्रका रूपमा प्रचार गरियो । सांसदलाई विकासे कार्यकर्ता योजना वितरण गर्ने व्यक्तिका रूपमा प्रस्तुत गरियो । हाम्रो पार्टीले जित्यो भने हाम्रा सांसदहरूले पुल-पुलेसा, भवन, सिँचाइ, खानेपानी, विद्युत्, सडक आदि ल्याउने छन् भनेर वचनबद्धता गर्न लगाइयो र भोट मागियो ।

**विश्वका अभ्यास**

विश्वका विकसित लोकतन्त्रहरूले संसद्लाई एकपक्षीय पेसागत क्लब बन्न दिएका छैनन् । बेलायत, जर्मनी, भारत, फिनल्यान्ड जस्ता देशहरूमा संसद्मा शिक्षक, कानुनविद्, इन्जिनियर, अर्थशास्त्री, वैज्ञानिक, सामाजिक कार्यकर्ता, पत्रकार, लेखक, कलाकार र अनुसन्धानकर्ता पुग्छन् । बहसमा गाली होइन, तर्क, तथ्य र इतिहास हाबी हुन्छ । राजनीतिलाई पेसा होइन, सार्वजनिक सेवाको जिम्मेवारी मानिन्छ ।

**विज्ञ, वैज्ञानिक किन चाहिन्छ ?**

आजको संसार सरल छैन । जलवायु सङ्कट, महामारी, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, प्रविधि र डाटा नीति, मानव अधिकार, वैश्विक असमानता यी समस्या स्थानीय सीमाभित्र अटाउँदैनन् । यस्तो युगमा संसद्लाई अझै पनि विकासे कार्यकर्ताको सभा ठान्नु राजनीतिक अज्ञानताको सङ्केत हो । आधुनिक संसद्ले जलवायु सम्झौता, अन्तर्राष्ट्रिय कूटनीति, प्रविधि र स्वास्थ्य नीतिमा देशको धारणा तय गर्छ । यी विषय नारा होइनन्, विज्ञान, अनुसन्धान र विशेषज्ञताको क्षेत्र हुन् । वैज्ञानिकबिना नीति सतही हुन्छ, अभियन्ताबिना नैतिकता हराउँछ । राजनीतिज्ञबिना संसद् अधुरो हुन्छ र विज्ञबिना संसद् दृष्टिहीन बन्ने सम्भावना ज्यादा रहन्छ ।

**सबै किन संसद् जान चाहन्छन् ?**

नेपालको समस्या संसद्को गरिमा होइन, सुविधाको राजनीति हो । सांसद, शक्ति, पहुँच, कानुनी सुरक्षा र स्रोत नियन्त्रणमा सहभागी बन्न पाइन्छ भन्ने विचारले उत्प्रेरित छन् । त्यसैले विचारभन्दा टिकट, नीतिभन्दा पद, बहसभन्दा भागबन्डा ठुलो बनाइएको छ ।

**संसद् पद होइन, जिम्मेवारी हो**

सांसद बन्नु जनताको भरोसाको परीक्षा पास हुनु हो । संसद्मा केवल सत्ता चाहनेहरू पुगे भने लोकतन्त्र खोक्रो र अर्थहीन हुन्छ । संसद्मा विचार, विवेक, ज्ञान र संवेदना बोकेका राष्ट्रलाई माया गर्ने, लोकतान्त्रिक आचरणमा अभ्यस्तहरू संसद् पुगे भने लोकतन्त्र जीवित रहन्छ । अन्तिम प्रश्न यही हो । हामी संसद्लाई नीति नियम बनाउने, राज्य सञ्चालन गर्ने सेवाको थलो बनाउन चाहन्छौँ कि सुविधाको सिंहासन ? यथोचित विमर्श गरेर कस्ता व्यक्तिलाई चुन्ने निर्णय जनताकै हातमा फेरि आएको छ ।

# गठबन्धन : सत्ताका लागि सिद्धान्त त्याग्ने अलोकतान्त्रिक अभ्यास



• सुशील प्याकुरेल

कांग्रेस, एमाले र माओवादीबीच आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनअघि चुनावी तालमेल गर्ने र सीट भागबन्डा गरेर प्रतिस्पर्धामा उत्रने कुरा बाहिरिएका छन्। यदि चुनावअघि यस्तो सिद्धान्तविहीन गठबन्धन भयो भने यो लोकतन्त्रका लागि सबैभन्दा घातक हुनेछ।

निर्वाचन सम्पन्न भइसकेपछि संसद्मा कुनै पनि दलले सरकार निर्माण गर्न बहुमत प्राप्त गर्न सकेनन् भने त्यस वेला सीट संख्याको आधारमा सत्ता गठबन्धन हुन सक्छ। यो संसदीय परिपाटी भएका मुलुकहरूमा हुने अभ्यास नै हो। जस्तैः कांग्रेस, एमाले र जसपाले आगामी माघ ११ गते हुन लागिरहेको राष्ट्रिय सभा निर्वाचनको लागि सीट बाँडफाँड गर्ने निर्णय गरेका छन्। यसलाई स्वाभाविक मान्न सकिन्छ। तर आम निर्वाचनअघि सैद्धान्तिक मेल नभएका राजनीतिक दलहरूबीच सीट भागबन्डा गरेर तालमेल गर्नु चाहिं लोकतन्त्रको चीरहरण गर्नु हो, जुन अहिले गर्न खोजिँदै छ।

गठबन्धन संस्कृतिको शुरूआत

२०६३ सालको परिवर्तनपछि दलहरूमा सिद्धान्तहीन राजनीतिक संस्कार तीव्र रूपमा बढ्न थाल्यो। सत्ताप्राप्ति नै मुख्य उद्देश्य बन्न पुग्दा दलहरू सिद्धान्तभन्दा सत्ताप्रति मोहित हुन थाले। दलका कार्यकर्ताहरूमा समेत सत्ताको लागि दल परिवर्तन गर्ने संस्कार मौलाउन थाल्यो। संविधानको मर्म र संवैधानिक व्यवस्थाको बेवास्ता गर्ने प्रवृत्ति कांग्रेस, एमाले र माओवादी तीनै दलमा हाबी हुन पुग्यो। यस अवधिमा शीर्ष नेतृत्वको निर्णय नै संवैधानिक हो भन्ने मनोविज्ञानको निर्माण हुन थाल्यो।

२०६३ माघ १ गते जारी गरिएको अन्तरिम संविधानले सहमतिमा राज्य सञ्चालन गर्ने मनसाय राखेको थियो। त्यसको अर्थ मुलुकसामु उत्पन्न हुने महत्त्वपूर्ण विषयहरूमा सहमति गरेर अघि बढ्न उक्त संविधानले मार्गनिर्देश गरेको थियो। तर शीर्ष नेताहरूले संविधानको यस्तो मर्मविपरीत फोहोरी सत्ता गठबन्धन गर्न थाले। पहिलो संविधान सभा र दोस्रो संविधान सभा निर्वाचनसम्म आ-आफ्ना चुनाव चिह्न र घोषणापत्रमा चुनावी प्रतिस्पर्धामा उत्रेका दलहरूको पहिचान र साख गुमेको थिएन। तोकिएको समयमा पहिलो संविधान सभाले संविधान लेख्न नसकेपछि विघटन गरियो। अनि, संविधानमा कतै व्यवस्था नभएको सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा चुनावी सरकार गठन गरिनु नै संविधानको मर्ममाथिको प्रारम्भिक प्रहार थियो। शीर्ष नेताको निर्णय भन्दै २०७० वैशाखमा लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्ति गर्नु संविधान र कानूनको बलमिच्याइँ थियो।

२०७२ असोज ३ गते गणतान्त्रिक संविधान जारी भएपछि नेपालमा मूल्य, मान्यता र संस्कारहीन राजनीति झाँगिन थाल्यो। शीर्ष नेतृत्वले सिद्धान्तहीन राजनीतिलाई चुनावी गठबन्धनबाट मलजल गर्ने काम थाले। २०७२ यता सम्पन्न दुई वटा निर्वाचनमा दलहरूले चुनावअघि नै सीट बाँडफाँड गरेर चुनावी गठबन्धन गर्न थाले। यसले लोकतान्त्रिक राजनीतिक संस्कारको हुर्मत लियो। विपरीत राजनीतिक विचार बोकेर लोकतन्त्रका लागि लामो संघर्ष गरेका कार्यकर्ता तथा शुभेच्छुक मतदाताहरूलाई आफ्नै विश्वास र संस्कृतिसँग मेल नखाने दलको चुनाव चिह्नमा मत दिन बाध्य बनाइयो। २०७९ सालमा सम्पन्न निर्वाचनमा कांग्रेसले माओवादीका लागि र माओवादीले कांग्रेसका लागि भोट माग्ने र हाल्ने अभ्यास सामान्य बन्यो। हँसिया-हथौडा र रूख चिह्नबीचको राजनीतिक विभेद धमिलियो। शीर्ष नेतृत्वले राजनीतिक दललाई कर्पोरेट कार्यालय जस्तै गरी नाफाघाटाको फर्मुलामा सञ्चालन गर्ने मनसाय राख्नाले राजनीति नै विकृत बन्न पुग्यो।

त्यसैको निरन्तरता स्वरूप हिंसा विरोधी 'जनताको बहुदलीय जनवाद'लाई मार्गदर्शक मान्ने एमाले र बहुदलीय व्यवस्था नै नमान्ने तथा जबजलाई कम्युनिस्ट आवरणभित्रको राजतन्त्रवाद ठान्ने माओवादी एउटै घोषणापत्र सहित चुनावमा उत्रिए। चुनावपछि शीर्ष नेताहरूको सहमतिमा माओवाद र जबज दुवै स्थगित गरी पार्टी एकीकरणको घोषणा गरियो। यसले कार्यकर्तामाझ सत्ताका लागि सिद्धान्त त्याग्न सकिन्छ भन्ने खतरनाक भाष्य स्थापित गर्‍यो।

तीन दलमा शीर्ष नेता मात्रै सर्वेसर्वा भन्ने धारणा स्थापित गर्दै प्रधानमन्त्रीको कुर्सीलाई तीन शीर्ष नेताबीचको 'म्युजिकल चियर' बनाइयो। शीर्ष नेतृत्वले पालैपालो सत्ताको लागि अँगाल्दै आएको राजनीतिक खेलप्रति आमजनताको आक्रोश बढ्नु स्वाभाविक हो। पछिल्लो एक दशकदेखि विचार त्याग्न बाध्य पारिएका कार्यकर्ताहरूको 'डी-पोलिटिकलाइजेशन' भएको छ। विचारलाई खोपामा थन्क्याउने र विधिलाई आफूखुशी व्याख्या गर्ने प्रवृत्तिले देशलाई राजनीतिक अराजकतातर्फ धकेलेको छ। जनताको समस्या, देश विकास र राष्ट्रिय सार्वभौमिकताका विषयहरू शीर्ष नेता र तिनका वरिपरिका मानिसका भाषणमा मात्र सीमित हुँदै गएका छन्।

प्रियतावादको विकास यसरी भयो कि अब राजनीतिक दलका लागि विचार होइन, व्यक्ति नै प्राथमिक बन्न पुग्यो। बीपी कोइरालाको समाजवाद, एमालेको बहुदलीय जनवाद र माओवादीको माओवाद, सबैको पहिचान क्रमशः समाप्त हुँदै गएको छ। तीन वर्षअघि गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापनाको ६ महीनामै सम्पन्न चुनावमा २० सीट जित्नु नेपालबाट सिद्धान्तको राजनीति विदा हुँदै गएको संकेत हो।

नेकपा माओवादीले हतियार बिसाएर शान्ति प्रक्रियामा प्रवेश गरेसँगै मुलुकमा सहमतिमा आधारित राजनीतिक अभ्यासको थालनी भयो। कांग्रेस र एमालेले सत्ता-साझेदारीको अनुपम उदाहरण २०५९ सालमा स्थानीय निकाय (नगर/गाउँपालिका) सहमतिमा सञ्चालन गर्ने अभ्यासबाट मलजल गरेका थिए। २०६३ सालपछि बन्दुक बिसाएर मूलधारको राजनीतिमा आएको माओवादी सहित तीन दलबीचको भागबन्डा र स्रोत अपचलनको संस्कृतिमा रूपान्तरण भयो। यही संस्कृतिका कारण साधारण जनता यी तीनै दलबीच वैचारिक फरक छुट्याउन असमर्थ हुने अवस्था सिर्जना भयो।

नेपालमा जनसंघर्ष सञ्चालन, चुनावी तालमेल र संयुक्त सत्ता सञ्चालनका लागि दलहरूबीच सहकार्य हुँदै आएको इतिहास छ। अन्य लोकतान्त्रिक मुलुकमा जस्तै यस्ता अभ्यास नेपालमा पनि समय-समयमा भएका छन्। २०१० सालमा काठमाडौं नगरपालिकाको चुनाव सम्पन्न भइसकेपछि नेपाल कम्युनिस्ट पार्टी र नेपाली कांग्रेसले गठबन्धन गरी नेपाल कम्युनिस्ट पार्टीका जनकमान श्रेष्ठ मेयर र नेपाली कांग्रेसका प्रयागराज सिंह सुवाल उपमेयरमा निर्वाचित भएका थिए।

२०४६ सालको जनआन्दोलनमा नेपाली कांग्रेस र सात कम्युनिस्ट पार्टी सम्मिलित वाममोर्चाबीच बहुदलीय व्यवस्थाको स्थापनाका लागि संयुक्त संघर्ष भयो। संयुक्त जनआन्दोलनको आह्वान नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई र वाममोर्चाकी अध्यक्ष साहाना प्रधानले संयुक्त रूपमा गरेका थिए। २०४६ चैत २६ गते पञ्चायती व्यवस्था विस्थापित भई बहुदलीय व्यवस्था स्थापना भएपछि बनेको अन्तरिम सरकारमा नेपाली कांग्रेस, वाममोर्चा र राजाका प्रतिनिधिहरू समावेश गरिएका थिए।

कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको अन्तरिम सरकारले विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुधार सुझाव आयोगबाट बहुदलीय संविधानको मस्यौदा तयार गर्‍यो। उपाध्याय २०४८ साउनदेखि २०५२ असोजसम्म प्रधानन्यायाधीशमा वहाल रहे।

२०४७ कात्तिकमा संविधान जारी भयो।

❖ बाँकी तेस्रो पृष्ठमा

# महिला एकल महिलाको अध्यक्षमा खड्का

भद्रपुर , पुष २८ । मानव अधिकारका लागि महिला एकल महिलाको अध्यक्षमा मिरा कार्की खड्का सर्वसम्मत चयन भएकी छन् ।

भद्रपुरस्थित एकल महिला छहारीमा एकल महिलाहरुको भेलाले खड्काको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा दुर्गा भट्टराई (मिरा) र तुलसा खतिवडा, सचिवमा बबिता पाण्डे, सहसचिवमा मैया आचार्य र कोषाध्यक्षमा किरण तिम्सिना सर्वसम्मत चयन भएको निर्वाचन समिति संयोजक लक्ष्मी खनाल कोइरालाले जानकारी दिइन् ।त्यसैगरी सदस्यहरुमा दुर्गा महत, राधा निरौला, जमुना खरेललगायत



रहेका छन् । ११ सदस्यीय कार्यसमितिमा बाँकी रहेका सदस्यहरु कार्यसमितिको बैठकले सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी मनोनयन गर्ने बताइएको छ ।

त्यसैगरी एकल महिला बहुउद्देश्यीय सहकारी संस्थाको सचिवमा ज्योति न्यौपाने रिजाल र कोषाध्यक्षमा सुशिला दाहाल चयन भएका छन् ।

भद्रपुरस्थित एकल महिला छहारीमा संस्थाकी अध्यक्ष रेखा अधिकारीको अध्यक्षतामा सहायक प्रमुख जिल्ला अधिकारी अन्जन न्यौपानेले कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि न्यौपाने, विशिष्ठ अतिथि जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी खगेन्द्रबहादुर खड्का, एविसी नेपाल झापाकी अध्यक्ष कञ्चना ढकाल सिटौला, जिल्ला सहकारी संघ झापाकी उपाध्यक्ष देविका निरौला बस्नेत, जीवन विज्ञानका प्रशिक्षक लक्ष्मण न्यौपाने, अधिवक्ता लक्ष्मी खनाल कोइरालालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थालाई विभिन्न किसिमले सहयोग गर्ने दाताहरु सिटौला, बस्नेत, कमला दाहाल, पत्रकार रमा दाहाल, खड्कबहादुर खड्का लगायतलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

संस्थाकी अध्यक्ष रेखा अधिकारीले संस्थाका बार्षिक गतिविधिसहित भौतिक सम्पत्तीसहित समेटिएको प्रतिवेदन प्रस्तुत गरिएको कार्यक्रममा स्वागत मिरा भट्टराई र सञ्चालन मिरा कार्की खड्काले गर्नुभएको थियो ।

२०६४ सालमा शाखाका रुपमा शुरु भएको महिला अधिकारका लागि महिला एकल महिला झापाले २०७४ सालमा जिल्लामै दर्ता भई सेफ हाउस सञ्चालन गर्दै आएको छ ।

# सम्योग समृद्धि सहकारीको साधारणसभा सम्पन्न

झापा, पुष २८ । झापाको भद्रपुरमा रहेको सम्योग समृद्धि बहुउद्देश्यीय सहकारी संस्थाले आफ्नो १२ औ साधारणसभा सम्पन्न गरेको छ ।

संस्थाले साधारणसभामा उत्कृष्ट बचतकर्ता, असल ऋणी , बाल बचत, ज्येष्ठ नागरिक सदस्य तथा उत्कृष्ट कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गरेको थियो ।



पुरस्कृत हुने शेयर सदस्यहरूमा मुख्य कार्यालयका तर्फबाट उत्कृष्ट बचत सदस्य विष्णुमाया राई , असल ऋणी सदस्य युवराज श्रेष्ठ ,बाल बचत सदस्य प्रिन्स अधिकारी र ज्येष्ठ नागरिक सदस्य चन्द्रमणि मैनाली रहेका छन् । त्यस्तै शनिश्चरे सेवा केन्द्रका तर्फबाट उत्कृष्ट बचत सदस्य केवल चौहान ,असल ऋणी सदस्य डम्बरलाल चौधरी, बाल बचत सदस्य ईश्वरी रसाइली र ज्येष्ठ नागरिक सदस्य हरिमाया कटुवाल रहेका छन् । त्यस्तै बिर्तामोड सेवा केन्द्रका तर्फबाट उत्कृष्ट बचत सदस्य मालती बस्नेत, अ स ल ऋणी सदस्य जीतबहादुर सारु मगर ,बाल बचत सदस्य ईशान बस्नेत र ज्येष्ठ नागरिक सदस्य ताना धिमाल रहेका छन् । त्यस्तै हल्दिबारी सेवा केन्द्रका तर्फबाट उ त क् ृ ष ट बचत सदस्य लक्ष्मी राजवंशी,उत्कृष्ट ऋणी सदस्य उमा खत्री, बाल बचत सदस्य रिदम राजवंशी र ज्येष्ठ नागरिक सदस्य श्रीमती ज्ञानमाया खड्का सम्मानित भएका छन् । सोही अवसरमा उत्कृष्ट कर्मचारी सीता राजवंशीलाई पुरस्कृत गरिएको छ ।संस्थाका अध्यक्ष केशरकुमार बानियाँको अध्यक्षता तथा उद्योग व्यवसाय महासंघ बिर्तामोडका नगर अध्यक्ष उपेन्द्र बानियाँको प्रमुख आतिथ्यमा सो कार्यक्रम भएको थियो ।

# निर्वाचन प्रहरीमा भर्ना हुनेको संख्या सामान्य (फोटो फिचर)

झापा, पुष २८ । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा निर्वाचनका लागि झापामा निर्वाचन प्रहरीमा भर्ना हुनेहरुको संख्या सामान्य रहेको छ ।

निर्वाचन प्रहरीका लागि पहिलो दिन पुष २५ गते झापामा ४८९ जनाले दरखास्त फारम लिएका थिए । जिल्ला प्रहरी कार्यालय झापामा ४८७ र सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेक्वा, झापामा दुईजनाले दरखास्त फाराम लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । चार दिनको अवधिमा करिव दुई हजारको संख्यामा आवेदन परेको जनाइएको छ । विगतको तुलनामा निर्वाचन प्रहरीमा भर्ना हुनका लागि युवायुवतीहरुको आकर्षण घटेको छ । पहिलाको जस्तो सोर्स लगाएर निर्वाचन प्रहरीमा भर्ना हुनुपर्ने अबस्था नरहेको एक प्रहरी अधिकृतले बताए ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी, बल नेपालका लागि झापामा ४७९७ जना निर्वाचन प्रहरीको दरबन्दी तोकिएको छ ।

दरखास्त दिने पुष २५ गतेदेखि माघ १ गतेसम्म, समय विहान १० देखि वेलुका ४ बजेसम्म तोकिएको छ । दरखास्त फाराम पाउने र बुझाउने स्थानहरु जिल्ला प्रहरी कार्यालय झापा वा सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेक्वा, झापा तोकिएको छ ।











# जिप दुर्घटनामा २ जनाको मृत्यु

झापा । सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका-६ घुरुन्दु नयाँपानीस्थित भित्री सडक खण्डमा बोलेरो जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। सात जना घाइते भएका छन्।

सोमबार दिउँसो १२ बजेतिर माप्य दुधकोशी गाउँपालिका-६ वाकु चोकबाट वडा ७ वरोदी रोचमतर्फ जाँदै गरेको बिएडी ७७४२ नम्बरको डबल क्याप बोलेरो जिप सडकबाट करिब १ सय मिटर तल खसेको हो। दुर्घटनामा चालक र एक यात्रुको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ।

मृत्यु हुनेमा बोलेरो चालकमाप्य दुधकोशी गाउँपालिका-५ काकु निवासी २८ वर्षीय प्रदिप राई र यात्रु २८वर्षीया कुशुम राई रहेका छन्। मृतक दुवैको पोस्टमार्टमका लागि जिल्ला अस्पताल फाप्लु ल्याइएको डीएसपी मनोजित कुँवरले जानकारी दिए। दुर्घटनामा घाइते भएका २७ वर्षीय बलराम राई, ३० वर्षीय देवेन्द्र राईको टाउकोमा गम्भीर चोट लागेको र ३१ वर्षीय सुरेश राईको समेत अवस्था चिन्ताजनक रहेकाले थप उपचारका लागि काठमाडौं रेफर गरिएको छ।अन्य घाइते १९ वर्षीय मनोज राई र १७ वर्षीय सन्दीप राईलाई जिल्ला अस्पताल फाप्लु पठाइएको छ।

यस्तै, २७ वर्षीया देविका राई र २७ वर्षीया सविना राईको अवस्था सामान्य रहेकाले स्वास्थ्य चौकी वाकुमा उपचारपछि डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## गठबन्धन ...

२०४८ वैशाखमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेस र एमाले आ-आफ्नो नीति र पहिचान सहित प्रतिस्पर्धामा उत्रिए। परिणाम स्वरूप कांग्रेस बहुमत सहित संसद्मा उपस्थित भयो भने एमाले प्रमुख प्रतिपक्षको रूपमा क्रियाशील रह्यो। निश्चित उद्देश्य पूरा भएपछि आ-आफ्नो नीति र सिद्धान्त अनुसार प्रतिस्पर्धा गर्नु नै बहुदलीय संसदीय व्यवस्थाको मर्म हो। सत्ता सञ्चालनको लागि विभिन्न दलबीच समझदारी हुनु वा सरकार गठन हुनु लोकतान्त्रिक परिपाटी हो।

**संविधान मिचिंदा किन बोल्न सकेनन् स्थापित दलहरू?**

२०८२ भदौ २३ र २४ गतेको अराजकतापछि राष्ट्रपति रामचन्द्र पौडेलले 'जुक्ति' लगाएर संविधानको मर्म र भावना विपरीत २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन गरे। प्रतिनिधिसभा सदस्य नभएको पात्रलाई हाम्रो संविधानले प्रधानमन्त्री मान्न सक्दैन। एकातिर सरकारलाई असंवैधानिक भन्दै अदालत धाउने र अर्कोतिर त्यही असंवैधानिक भनिएको सरकारले गराउने चुनावमा सहभागी हुन्न भन्ने साहस पनि करीब ७० प्रतिशत मत पाएका दलहरूमा देखिंदैन। कारण स्पष्ट छ- शीर्ष नेताहरूले आफू जनतामाझ अलोकप्रिय बन्दै गएको र दल कमजोर हुँदै गएको बुझेका छन्। घाइते बाघले बाख्राको अगाडि गर्जे जस्तै, अझै आफू बलियो रहेको देखाउन दलभित्रै विधि बेवास्ता गर्दै कार्यकर्ता दमन गर्ने विचार-सिद्धान्त छाडेर जोसँग पनि सत्ताका लागि गठजोड गर्न संकोच नमान्ने संस्कार शीर्ष नेतृत्वमा देखिएको छ। देशमा यस्तो अवस्था सिर्जना हुनुको मूल कारण ' विचारभन्दा व्यक्ति प्रधान' ठान्ने संस्कृतिको परिणाम हो। दलहरूभित्र कार्यकर्ताको 'डी-पोलिटिकलाइजेशन' को परिणाम पनि हो।

विघटित प्रतिनिधिसभाका दुई ठूला दल र वर्तमान संविधानका प्रमुख निर्माताहरू सम्मिलित गठबन्धन सरकारले भदौ २३ र २४ गतेको नवयुवाको प्रदर्शन र विध्वंसलाई नियन्त्रण गर्न सकेन। ३६ घण्टाभित्र सरकार ढल्यो, प्रधानमन्त्री सहित मन्त्रीहरू सेनाको सुरक्षामा गुप्तवास बस्न बाध्य भए। यस घटनाको गम्भीर सिंहावलोकनको हुनुपर्छ। तर यसबारे शीर्ष नेताहरूले कुनै पनि हालतमा आत्मसमीक्षा नगर्ने रबैया देखाएका छन्। उनीहरू कार्यकर्ता र जनतासामु आफ्नै अक्षमता लुकाउन फेरि पनि चुनावअघि सीट बाँडफाँड गरेर निर्वाचनमा जान र उही आलोपालो सत्ताको बागडोर सम्हाल्न खोजिरहेको स्पष्ट हुन्छ। तिनको यस्तो रबैयाले न त दलको गुमेको साख फर्कन्छ न लोकतन्त्र नै सुदृढ बन्छ।- हिमालखबरबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ